# नागरिक लगानी कोष

## उपदान योजना संचालन कार्यविधि, २०५५

प्रथम संशोधन मिति : २०५९।६।१६

**प्रस्तावना**

बिभिन्न संगठित संस्थाहरूमा रहेको उपदान बापतको रकम संकलन गरी यसको कुशल लगानी प्रवन्ध गर्ने तथा कर्मचारीहरूले सेवा निवृत्त भएपछि पाउने उपदान भुक्तानी गर्न संगठित संस्थाहरूमा भविष्यमा एकैपटक पर्ने दायित्व घटाउन सघाउ पुऱ्याउन र कर्मचारीले सेवा निवृत्तपछि पाउने उपदानको रकमको निश्चितता समेत प्रदान गर्ने उद्देश्यले नागरिक लगानी कोष ऐन,२०४७ को दफा १५ वमोजिम कोषले उपदान योजना संचालन गर्न नागरिक लगानी कोष (व्यवस्थापन) विनियमावली, २०४८ को विनियम १९ ले दिएको अधिकार प्रयोग गरी कोषको संचालक समितिले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस कार्यविधिको नाम "उपदान योजना संचालन कार्यविधि, २०५५" रहेको छ ।

(२) यो कार्यविधि संचालक समितिले तोकिदिएको मितिदेखि लागू हुनेछ ♣र यो कार्यविधि लागू गरिएको कुरा सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराइनेछ ।

२. **परिभाषा** :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी दफाहरूमा :

(क) "कोष" भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापित नागरिक लगानी कोष सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ सम्झनु पर्छ ।

(ग) "विनियमावली" भन्नाले नागरिक लगानी कोष (व्यवस्थापन) विनियमावली,२०४८ सम्झनु पर्छ ।

(घ) "योजना" भन्नाले यी दफाहरू बमोजिम कोषले संचालन गरेको उपदान योजना सम्झनु पर्छ ।

(ङ) "संगठित संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका संगठित संस्थाहरू सम्झनु पर्छ र यो शब्दले नेपालमा कार्यरत सरकारी, अर्ध सरकारी तथा गैह्र सरकारी संस्थाहरूलाई समेत बुझाउंछ ।

(च) "प्रतिफल" भन्नाले योजनाका सहभागी संगठित संस्थाले योजना अन्तर्गत जम्मा गरेको रकममा दिइने ब्याज, मुनाफा वा लाभांश समेत सम्झनु पर्छ ।

(छ) "उपदान" भन्नाले संगठित संस्थामा कार्यरत कर्मचारी तथा कामदारले सेवा निवृत्त भएपछि प्रचलित कानून तथा सम्बन्धित संगठित संस्थाको नियम, विनियम वमोजिम सेवा अवधिको आधारमा एकमुष्ट रूपमा पाउने रकम सम्झनु पर्छ ♣"र सो शब्दले कर्मचारीलाई निजको सेवा अवकाश पछि भुक्तानी दिने गरी महिना महिनामा पारिश्रमिकबाट कट्टि गरी जम्मा गर्ने व्यवस्थालाई समेत जनाउने छ ।"

---

♣ प्रथम संशोधनद्वारा संशोधन गरिएको ।

(ज) “योजना कोष” भन्नाले सहभागीले जम्मा गरेको रकम, त्यसको प्राप्त कूल आय र कुनै पूँजीगत अभिबृद्धि भए सो समेतलाई जनाउँछ ।

(झ) “कर्मचारी” भन्नाले संगठित संस्थामा दफा २ (छ) बमोजिमको उपदान पाउने गरी नियुक्त भएको कर्मचारी वा कामदार सम्झनु पर्छ ।

(ञ) ‘तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले नागरिक लगानी कोषको संचालक समितिद्वारा तोकिएको वा तोकेबमोजिम बुझाउँछ ।

३. योजनाको संचालन :

(१) कोषले उपदान योजनाको नामबाट एक योजना संचालन गर्नेछ ।

*(२) यस योजना अन्तर्गत संगठित संस्थाहरूले जम्मा गरेको रकम र त्यसमा कोषले प्रदान गरेको प्रतिफल समेतको रकमबाट सो संगठित संस्थाको सेवा निवृत्त भएका कर्मचारीलाई निजले पाउने उपदानको रकम भुक्तानी दिने गरी योजनाको संचालन हुनेछ ।

♣(३) आयकर ऐन, २०५८ को दफा ६३• बमोजिम स्विकृत अवकाश कोषको रूपमा संचालन भएको ।

४. सहभागी हुन सक्ने :

(१) कुनै पनि संगठित संस्था यस योजनामा सहभागी हुन सक्नेछ ।

♣(२) उपदफा (१) वमोजिम योजनामा सहभागी हुन चाहने संगठित संस्थाले आफ्नो संस्थामा कार्यरत कर्मचारी संख्या, वार्षिक उपदानको रकम, योजनामा उपदानको रकम पठाउने तरिका आदि विवरण सहित अनुसूति १ बमोजिमको ढाँचामा कोष समक्ष दरखास्त दिनु पर्नेछ ।

तर यो दफा लागु हुनु पूर्व नै सहभागी भईरहेका संगठित संस्थाले दरखास्त दिन आवश्यक पर्ने छैन ।

♣(३) उपदफा (२) बमोजिम दरखास्त प्राप्त भएपछि कोषले दरखास्तवाला संगठित संस्थालाई योजनाको सहभागिता प्रदान गर्न सक्नेछ ।

♣(४) उपदफा (३) बमोजिम सहभागिता प्राप्त गरेको संगठित संस्थाले आफ्नो कर्मचारीको उपदानको निमित्त छुट्याइएको रकम नियमित रूपमा जम्मा गर्नु पर्नेछ ।

५. योजनाको संचालन कार्यविधि :

(१) ऐन तथा नियमावली र यी कार्यविधिको अधिनमा रही योजनाको संचालन हुनेछ ।

---

♣ प्रथम संशोधनद्वारा संशोधन गरिएको ।

•(आर्थिक अध्यादेश २०५९ बाट संशोधित)

(२) योजनाको आफ्नो एउटा छुट्टै कोष (फण्ड) हुनेछ र सो कोष (फण्ड) को संचालन गर्दा नागरिक लगानी कोषले न्यासधारी (Trustee)को हैसियतले सेवाहरू उपलब्ध गराउनेछ ।

(३) यस उपदान योजना कोषमा सम्बन्धित कर्मचारीको प्रत्यक्ष रूपमा कुनै पनि सम्बन्ध रहने छैन र योजना कोषमा जम्मा भएको रकम सम्बन्धित संगठित संस्थाको तर्फबाट नागरिक लगानी कोषले व्यवस्थापन (Management) गर्नेछ ।

तर सेवा निवृत्त भएपछि सम्बन्धित संगठित संस्थाले सेवा निवृत्त भएको सिफारिश गरेको पत्रको आधारमा सम्बन्धित कर्मचारीले यस योजना कोषबाट भुक्तानी पाउनेछ ।

♣(४) योजना अन्तरगत उपदान कोषको रेखदेख, संचालन र दक्ष व्यवस्थापनको निमित्त एउटा छुट्टै न्यासधारी प्राविधिक उपसमिति (Trustee) गठन गरिने छ ।

♣(५) उपदफा (४) बमोजिम गठन हुने उपसमितिमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरू रहने छन् :

| | |
|---|---|
| (क) कोषको कार्यकारी प्रमुख | अध्यक्ष |
| (ख) कोषको संचालक समितिले तोकेको एक जना संचालक | सदस्य |
| (ग) कोषको योजना प्रमुख वा वरिष्ठ अधिकृतहरू मध्येबाट एक जना | सदस्य |
| (घ) कोषको संचालक समितिले मनोनित गरेका दुइजना | सदस्य |

♣(६) उपदफा (५) को खण्ड (घ) बमोजिम विशेषज्ञ मनोनयन गर्दा पूँजीबजार सम्बन्धी अनुभव तथा विशेषज्ञता हासिल गरेका व्यक्तिहरूमध्येबाट मनोनयन गरिनेछ ।

♣(७) उपदफा (५) बमोजिम गठित उपसमितिको कार्य, कर्तव्य र अधिकार समय समयमा कोषको संचालक समितिले तोकिदिए बमोजिम हुनेछ ।

६. **योजना संचालन हुने अवधि :**

यो योजना अविच्छिन्न रूपमा संचालन गरिनेछ ।

७. **योजना कोषमा रकम जम्मा गर्ने :**

♣(१) संगठित संस्थाले प्रतेक वर्ष कर्मचारीले सेवा निवृत्त भएपछि पाउने उपदान रकमको लागि छुट्याएको रकम यस योजना अन्तरगतको कोषमा जम्मा गर्नु पर्नेछ र त्यसरी रकम जम्मा गर्दा संगठित संस्थाले उपदानको लागि रकम व्यवस्था (Provision) गरेको एक महिनाभित्र कोषमा जम्मा गर्नु पर्नेछ ।

(२) योजना कोषमा रकम जम्मा गर्दा संगठित संस्थाले उपदान बापत सृजना गर्नुपर्ने दायित्वको सम्पूर्ण रकम वा सरदर वार्षिक भुक्तानी गर्नुपर्ने रकमको आधारमा प्रत्येक वर्ष उपदानका लागि छुट्याउनुपर्ने रकममा नघट्ने गरी योजना कोषमा जम्मा गर्नु पर्नेछ ।

---

♣ प्रथम संशोधनद्वारा संशोधन गरिएको ।

*८. प्रतिफल :

कोषले योजना अन्तरगत प्राप्त रकमको परिचालन गर्दा प्राप्त भएको आयबाट सो योजना संचालन गर्दा लागेको प्रत्यक्ष खर्चहरू र कोषले योजना व्यवस्थापन गरेवापत लिन पाउने व्यवस्थापन शुल्क वापतको रकम कट्टि गरी बाँकी रहेको आयमध्येबाट योजनाका सहभागी संस्थाहरूलाई ती संस्थाहरूको नाममा योजनामा जम्मा रहेको रकमको आधारमा समानुपातिक रूपमा बाँडी सम्बन्धित संस्थाको हिसाबमा जोडि दिइनेछ ।

♣९. योजना संचालन खर्च :

योजना संचालन गर्दा लागेको पूर्व संचालन खर्च, संचालन खर्च, लगानीमा आएको पूंजीगत ह्रास तथा योजना संचालनसंग प्रत्यक्ष सम्बन्ध भएका खर्चहरू योजना परिचालनबाट प्राप्त आयबाट ब्यहोरिनेछ ।

१०. ब्यवस्थापन शुल्क :

कोषले योजना संचालन गरी न्यासधारी (Trustee) को रूपमा लगानी प्रवन्ध सेवा प्रदान गरेबापत कूल योजना कोष रकमको प्रत्येक आ.व.मा बढीमा ♣१% सम्म ब्यवस्थापन शुल्क लिन सक्नेछ ।

♣तर उपरोक्तानुसार लिने व्यवस्थापन शुल्क कुल योजना कोषको १% वा कुल आयको २०% जुन घटि हुन्छ सो रकम कोषले सेवा शुल्क वापत कट्टि गरी लिनेछ । उपरोक्त अनुसार कोषले लिनुपर्ने ब्यबस्थापन शुल्क कट्टी गरी लिन उक्त आ.ब.मा आयले नखाम्ने देखिएमा उक्त रकम समेत पछिल्लो आर्थिक वर्षहरूको आयबाट कट्टी गरी कोषले लिनेछ ।

♣११. आयकर सम्बन्धी व्यवस्था :

(१) योजना कोषमा जम्मा गरेको रकम प्रचलित कानून बमोजिम सम्बन्धित संस्थाले खर्च कायम गरी आयकर छुट पाउने भएमा त्यसरी योजना कोषमा रकम जम्मा भएको कुराको प्रमाण प्रत्येक वर्ष सम्बन्धित संस्थालाई दिइनेछ ।

(२) योजनाको रकम सम्बन्धितलाई भुक्तानी दिंदा प्रचलित कानून बमोजिम अग्रिम कर कट्टी गर्नुपर्ने रहेछ भने त्यस्तो अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी दिइनेछ ।

१२. कर्मचारीलाई भुक्तानी सम्बन्धी ब्यवस्था :

(१) संगठित संस्थाको कर्मचारी सेवा निवृत्त भएमा सो संगठित संस्थाले प्रमाणित गरेको पत्रको आधारमा त्यस्तो कर्मचारीले पाउने उपदान रकम भुक्तानी दिइनेछ । त्यसरी भुक्तानी दिइएको रकम सम्बन्धित संगठित संस्थाको योजना कोषको रकमबाट घटाइनेछ ।

(२) उपदफा (१) बमोजिम भुक्तानी गर्दै जाँदा सम्बन्धित संगठित संस्थाको कोषमा रहेको रकम समाप्त भई कर्मचारीलाई उपदान दिन रकम नपुग भएमा त्यस्तो रकमको भुक्तानी सम्बन्धित संगठित संस्थाले नै व्यहोर्नु पर्नेछ ।

---

♣ प्रथम संशोधनद्वारा संशोधन गरिएको ।

१३. <u>योजना कोषमा रहेको रकमको लगानी</u> :

(१) योजना अन्तर्गत प्राप्त पूँजीलाई लगानीको सुरक्षा, तरलता र लाभांश वा प्रतिफल समेतलाई ध्यानमा राखी अधिकतम आय आर्जन हुने गरी लगानी गर्ने नीति लिइनेछ ।

(२) उपदफा (१) बमोजिम योजना कोषको रकम लगानी गर्दा देहाय बमोजिमका क्षेत्रहरूमा गरिनेछ :

(क) श्री ५ को सरकारले जारी गरेको ऋणपत्र वा धितोपत्र खरिद गर्न;
(ख) पब्लिक कम्पनी वा सार्वजनिक रूपमा धितोपत्र जारी गर्न अधिकार प्राप्त संगठित संस्थाले जारी गरेको शेयर, डिवेञ्चर, वण्ड वा त्यस्तै अन्य धितोपत्रहरू खरिद गर्न;
(ग) धितोपत्रको प्रत्याभूति गर्न;
(घ) ब्रिज फाइनान्सीङ्ग गर्न;
(ङ) बैंक वा वित्तीय संस्थासंग मिली समयकालीन कर्जामा लगानी गर्न;
(च) मुद्रा बजारका साधनहरू खरिद गर्न,
♣<u>(छ) बैंक, वित्त कम्पनी तथा अन्य वित्तीय संस्थाहरूमा निक्षेपमा लगानी गर्ने ।</u>

(३) उपदफा (२) वमोजिम कम्पनीको वा संगठित संस्थाको धितोपत्रमा लगानी गर्दा देहाय बमोजिम मात्र लगानी गरिनेछ :

♣(क) धितोपत्रमा लगानी गर्दा वा प्रत्याभूति गर्दा वा ब्रिज फाइनान्सीङ्ग गर्दा लगानी गरिने कम्पनी वा संगठित संस्थाको पूँजीको <u>बीस</u> प्रतिशत वा योजना कोषमा जम्मा भएको रकमको <u>बीस</u> प्रतिशत जुन घटी हुन्छ सो मा नबढ्ने गरी ;
♣(ख) अन्य बैंक तथा वित्तीय संस्थाहरूसंग मिली समयकालिन कर्जा उपलब्ध गराउने भएमा ऋणी संगठित संस्थाको कूल स्थिर जेथाको <u>बीस</u> प्रतिशत वा श्री ५ को सरकारको स्वामित्व भएको भएमा संस्थाको कुल स्थिर जेथाको <u>५०</u> प्रतिशत वा कोषद्वारा संचालित प्रत्येक योजनामा जम्मा भएको रकमको <u>बीस</u> प्रतिशत जुन घटी हुन्छ सोमा नबढ्ने गरी ;
(ग) खण्ड (क) र (ख) बमोजिमका दुवै सुविधा एउटै संस्थालाई प्रदान गर्ने भएमा त्यसरी लगानी, प्रत्याभूति, ब्रिज फाइनान्सीङ्ग तथा समयकालिन कर्जा समेत गरी योजना कोषमा जम्मा भएको रकमको बीस प्रतिशतमा नबढ्ने गरी;

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारको धितोपत्र वा कम्पनी वा संगठित संस्थाले जारी गरेको पूर्ण सुरक्षित डिवेञ्चर र ऋणपत्र वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त मुद्रा बजारसम्बन्धी वित्त पत्र वा बैंक निक्षेपमा आवश्यकतानुसार रकम लगानी गर्न वा लगाउन सकिनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कोषले आवश्यक देखेमा प्राविधिक उप–समितिसंग परामर्श गरी उच्चतम लाभांश वा ब्याज प्राप्त हुन सक्ने अन्य क्षेत्रमा समेत लगानी गर्न सक्नेछ ।

---

♣ प्रथम संशोधनद्वारा संशोधन गरिएको ।

१४. **विवरण उपलब्ध गराउने** :

(१) प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र गत आर्थिक वर्षमा सहभागी संगठित संस्थाहरूबाट प्राप्त रकम र त्यसबाट भएको भुक्तानी, त्यसमा प्राप्त ब्याज वा प्रतिफल सहितको हिसाब विवरण कोषले सम्बन्धित संगठित संस्थालाई उपलब्ध गराउनेछ।

(२) त्यस्तो हिसाबको विवरण प्राप्त भएपछि सम्बन्धित संगठित संस्थाले आफूले जम्मा गरेको रकम र उपदान भुक्तानीको लागि गरेको प्रमाणित पत्रलाई भिडाई कुनै फरक पर्न गएको भए तुरुन्त कोषमा लेखी पठाउनु पर्नेछ र कोषले पनि तत्सम्बन्धमा आवश्यक छानविन गरी हिसाब मिलान गर्नु पर्नेछ ।

१५. **योजनाको लेखा र लेखापरीक्षण** :

(१) योजना अन्तर्गत प्राप्त रकम र सो रकमको लगानीबाट प्राप्त सम्पत्ति र योजना कोषको परिचालनबाट भएको आय-व्यय तथा दायित्व देखिने गरी योजना कोषको हिसाब छुट्टै राखिनेछ ।

(२) कोषबाट संचालित अन्य कार्यक्रमहरूको आय-व्यय वा दायित्व यस योजनामा समायोजन गर्न, मिलाउन वा व्यहोरिने छैन ।

(३) मान्यता प्राप्त लेखापरीक्षकबाट योजनाको लेखापरीक्षण गराइनेछ ।

१६. **संशोधन** :

ट्रष्टि समितिको सिफारिशमा यस योजनामा उल्लेखित दफाहरूमा आवश्यक संशोधन र थपघट गर्न सकिनेछ । यसरी थपघट वा संशोधन भएको व्यहोरा सबै सहभागी संगठित संस्थाहरूलाई जानकारी गराइनेछ ।

♣१७) **बाधा अडकाउ फुकाउन सक्ने :**

यी कार्यविधिहरू कार्यान्वयन गर्दा वा यी कार्यविधिहरू बमोजिम योजना संचालन तथा व्यवस्थापन गर्दा कुनै वाधा अडकाउ परेमा कोषको संचालक समितिले योजनाको उद्देश्यको प्रतिकुल नहुने गरी प्रचलित कानूनको अधिनमा रहि आवश्यक सूचना जारी गरी त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

♣१८) **योजनाको खारेजी** :

(१) कोष विघटन भएको कारणले वा अन्य कुनै कारण परी कोषको संचालक समितिले योजना संचालन नगर्ने विर्णय गरेमा योजनाका सहभागी संस्थालाई तीन महिनाको अग्रिम सूचना दिई योजनालाई खारेज गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम योजना खारेज गरिएमा योजनाको सहभागी संस्थालाई त्यसरी योजना खारेज हुने मितिसम्म सो संगठित संस्थाले जम्मा गरेको रकम र त्यसमा कोषले पैदान गरेको प्रतिफल समेतको कुल रकमबाट सहभागी संस्थाका कर्मचारीलाई भुक्तानी दिइसकेको रकम कटाई बाँकी हुन आएको रकम सहभागी संस्थालाई एकमुष्ट फिर्ता भुक्तानी दिइनेछ ।

---

♣ प्रथम संशोधनद्वारा संशोधन गरिएको ।

*अनुसूची : १

## उपदान योजनामा सहभागीका लागि दिने दरखास्तको ढाँचा

मिति :

श्री नागरिक लगानी कोष
रामशाह पथ, काठमाण्डौं ।

**विषय : उपदान कोष योजना,२०५९ (स्वीकृत अवकास कोष) मा सहभागी हुने बारे ।**

कोषले सञ्चालन गरेको उपदान योजना,२०५५ मा त्यस कोषमा रकम जम्मा गर्न / गराउन इच्छा भएकोले उक्त योजनामा सहभागी बनाइदिन हुन देहायको विवरण सहित अनुरोध गर्दछु ।

संस्थाको नाम :

संस्थाको कार्यालय रहने ठाउँ :

कुल कर्मचारी संख्या :

कर्मचारीको उपदानको निमित्त संस्थाले हाल छुट्टयाई राखेको रकम रू.................

संस्थाले कोषमा उपदान बापत कोषमा जम्मा अनुमानित रकम रू........................

कोषद्धारा संचालित उपदान योजना कार्यविधिहरू, २०५५ र यस दरखास्तको पछाडि उल्लेखित व्यवस्था तथा शर्तहरूको पालना गर्न यस संस्थाले मन्जुर गरेकोले यो दरखास्त प्रस्तुत गरिएको छ ।

माथि उल्लेख भएअनुसारको यस कार्यालयका कर्मचारीहरूको बिबरण यसै साथ संलग्न गरि पठाइएको छ । उपदान बापतको रकमको त्यस कोषको नाममा काटिएको ............ बैंकको चेक नं. ................ यसै साथ पठाइएको छ । अत: योजनाको सहभागी बनाई दिनुभई सहयोग गरी दिनुहुन अनुरोध छ ।

| | |
|---|---|
| लेखामा काम गर्ने : | कार्यालय प्रमुख : |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| दर्जा : | दर्जा : |
| मिति : | मिति : |

कार्यालयको छाप :
दरखास्त साथ पेश गर्नु पर्ने कागजात :

(क) सम्बन्धित कार्यालय दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
(ख) उपदान कोष रकम जम्मा गर्ने सम्बन्धी संचालक समितिको निर्णयको प्रतिलिपि ।
(ग) यसैसाथ संलग्न शर्त तथा व्यवस्थाहरूमा समेत सहिछाप गरी पेश गर्नु पर्नेछ ।

---

* प्रथम संशोधनद्वारा संशोधन गरिएको ।

# *उपदान योजना संचालनका शर्त तथा व्यवस्थाहरू

१) यस योजना अन्तरगतका रकमहरू सहभागी संस्थाको सिफारिसमा सो संस्थाको सेवा निवृत्त कर्मचारीले भुक्तानी पाउनेछ ।

२) योजनामा जम्मा भएको रकमको ब्याज/प्रतिफल कोषले योजनाको रकम लगानी गरी प्राप्त प्रतिफलको आधारमा समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

३) कोषले योजनामा जम्मा भएको रकमको लगानीबाट प्राप्त आयबाट योजना संचालनका लागि लागेको प्रत्यक्ष खर्चहरू र व्यवस्थापन शुल्क कट्टी गरी बाँकी रहेको खुद आयको आधारमा प्रतिफल निर्धारण गर्नेछ ।

४) कोषले लिने व्यवस्थापन शुल्क लगानी योजनाको कुल रकमको १% (एक प्रतिशत) वा कुल आम्दानीको २०% जुन घटि हुन्छ त्यति भन्दा बढि हुनेछैन ।

५) योजनामा सहभागिता प्राप्त गरेपछि सहभागी संस्थाले नियमित रूपमा उपदान रकम जम्मा गर्दै जानु पर्नेछ ।

६) उपदान वापत रकम व्यवस्था गरिएको १ (एक) महिनाभित्र कोषको हिसाबमा रकम जम्मा गरी सक्नु पर्नेछ ।

७) योजनामा संकलित रकमलाई कार्यविधिमा तोकिएका क्षेत्रहरूमा लगानी परिचालन गरिनेछ ।

८) सहभागी संस्थाको सिफारिसमा कर्मचारीलाई भुक्तानी गरिएको रकम सहभागी संस्थाको हिसाबबाट खर्च लेखी न्यून गरिनेछ ।

९) सहभागी संस्थाको सिफारिसमा कर्मचारीलाई उपदान वापतको रकम भुक्तानी गर्दै जाँदा कथम् कदाचित रकम अपर्याप्त भएमा वा नपुगेमा सम्बन्धित सहभागी संस्थाले कोषमा जम्मा गर्नु पर्नेछ वा संस्थाले नै भुक्तानी दिनु पर्नेछ । रकम पर्याप्त नभएसम्म कोष भुक्तानी गर्न वाध्य हुनेछैन ।

१०) योजनाको लेखा परीक्षण मान्यता प्राप्त लेखा परीक्षणबाट हुनेछ ।

११) आयकर सम्बन्धी व्यवस्थाहरू तत्काल प्रचलित कानून बमोजिम हुनेछ । अवकाश योगदान रकमको कर हिसाब गर्ने र कट्टी गर्ने सम्बन्धमा सहभागी कार्यालयबाट नै फरफारक गरिनेछ ।

१३) योजनाका सहभागी संस्थालाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र योजना हिसाबको विवरण कोषले उपलब्ध गराउने छ ।

---

* प्रथम संशोधनद्वारा संशोधन गरिएको ।